## साझा सेवा (सहकारी संस्था) लि.
## केन्द्रीय कार्यालय, बल्खु, काठमाडौं

**योजना :** घर भाडा (बहाल) मा लगाउने सम्बन्धी ।
**स्थान :** ककनी गाउँपालिका, रानीपौवा
**सूचना प्रकाशित मिति :** २०७८/०७/११

**घर भाडा (बहाल) मा दिने सम्बन्धी सामान्य शर्तहरु :-**

१: संस्थाको सर्तको अधिनमा रही भाडामा लिन इच्छुक व्यक्ति, फर्म वा कम्पनीबाट कम्पनी दर्ता प्रमाणपत्र, पान दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि र नागरिकताको प्रतिलिपि सहित सिलबन्दी दरभाउपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । सूचना प्रकाशित भएको मितिले ७ औं दिन (२०७८/०७/१७ गते) दिनको ४:०० बजे कार्यालय समयभित्र संस्थाको केन्द्रीय कार्यालय, काठमाडौंमा पेश गर्नुपर्नेछ ।

२. दरभाउपत्र सिलबन्दी गरी खाम बाहिर दरभाउपत्रदाताको नाम र ठेगाना स्पष्ट लेख्नुका साथै विषयमा "पसल कवल सहित घर भाडामा लिने बारेको सिलबन्दी दरभाउपत्र" भनी स्पष्ट लेखी ७ औं दिन (२०७८/०७/१७) दिनको ४:०० बजे कार्यालय समयभित्र संस्थाको केन्द्रीय कार्यालय, काठमाडौंमा दर्ता गर्नुपर्नेछ । निर्धारित समयभित्र रीतपूर्वक प्राप्त हुन आएका दरभाउपत्रहरु ८ औं दिन २०७८/०७/१८ गते खोलिनु पर्नेमा १८ गतेदेखि २१ गतेसम्म सार्वजनिक बिदा परेकोले कार्यालय खुलेको दिन २२ गते सोमबार अपरान्ह १२:३० बजे उपस्थित भएका सिलबन्दीपत्रदाता (निवेदक) र कार्यालयका कर्मचारीको रोहवरमा खोलिनेछ । सिलबन्दी दरभाउपत्र वा निजको प्रतिनिधिहरुको अनुपस्थिति भएमा पनि सिलबन्दीपत्र खोल्न कुनै बाधा पर्ने छैन । उक्त दिन सार्वजनिक बिदा परेमा त्यसको भोलिपल्ट सोही अनुसार हुनेछ ।

३. सिलबन्दी दरभाउपत्रमा वार्षिक भाडा खुलाई रकम अङ्क र अक्षर दुवैमा उल्लेख गर्नुपर्नेछ । अङ्क र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिइनेछ । अङ्क र अक्षर दुवै स्पष्ट नभएमा दरभाउपत्र रद्द गरिनेछ ।

४. दरभाउपत्र स्वीकृत भएका निवेदकले सूचना पाएको ७ दिनभित्र आफूले कवोल गरेको वार्षिक भाडा रकमको ३ महिना बराबरको रकम धरौटी स्वरुप केन्द्रीय कार्यालय, काठमाडौं, पाटन शाखा, पुल्चोकस्थित हिमालयन बैंकको खाता च.हि.नं. ००६००४१३०९००१३ मा दाखिला गरी सक्कल बैंक भौचर सहित सम्झौता गर्न आउनुपर्नेछ । उक्त जमानत रकम सम्झौताको म्याद समाप्त भए पछि फिर्ता गरिनेछ । उपरोक्त अनुसार सम्झौता गर्न नआएमा निजको धरौटी जफत गर्न सकिनेछ ।

५. घर प्रयोग गर्दा आवश्यक पर्ने बत्ती, पानी, फोहोरमैलाको व्यवस्थापन बहालवाला स्वयंले गर्नुपर्नेछ ।

६. घर वहालमा लिई गरिने व्यवसायबारे स्पष्ट उल्लेख गर्नुपर्नेछ । संस्थालाई प्रतिकूल हुने र नेपाल सरकारले प्रतिबन्ध लगाएको व्यवसाय गर्न पाइने छैन ।

७. हुल हुज्जत हुने, बढी हल्ला खल्ला हुने र फोहरमैला हुने खालका व्यवसाय गर्न पाइने छैन ।

८. बहाल रकम प्रत्येक महिनाको पहिलो हप्ताभित्र भुक्तानी गरि सक्नुपर्नेछ ।

९. घर वहाल कर (टिडिएस) वाहेक कानून बमोजिम अन्य कुनै कर तिर्नुपर्ने भएमा वहालबाला स्वयंले तिर्नुपर्नेछ ।

१०. सम्झौताको अवधि ४ वर्ष ११ महिनाको हुनेछ र सम्झौताको प्रत्येक २ वर्षपछि १० प्रतिशतका दरले बहाल रकममा वृद्धि हुनेछ ।